# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०१।२७ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये राजस्व चुहावट गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०१।२७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगकोमागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु अरविन्द प्रसाद जयसवाल समेत (वि.अ. को मु.नं. ०७६-CR-०४००), वि.अ. को फैसला मिति २०८०।०५।३१ | राजश्व अपचलन गरी भ्रष्टाचार गरेको। | प्रतिवादी अरविन्द प्रसाद जयसवाल समेत उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को कसूरमा ३ को उपदफा (१) बमोजिम सजाय हुन तथा बिगो रकम समेत असुल उपर हुन। | **<u>फैसलाः</u>**<br>प्र.संजिव शर्मालाई कसुर ठहर र अन्य प्रतिवादीलाई सफाई।<br>**<u>विशेष अदालतले फैसला गर्दा लिएका आधारः</u>**<br>• आफू र माथिल्लो निकाय समेतलाई नभएको अधिकार प्रयोग गरी ग्राहकहरुको युनिट अंक संशोधन गर्न लगाएको, NS Revenue Software को कमजोरीको कारण डाटा म्यानुपुलेशन गरी नियम विपरित विक्री संशोधन गरेको र क्रेडिट विल दोहोरो वा वहुपोष्टिङ्ग गरी राजस्व अपचलन भएको तथ्य पुष्टि हुन आएको,<br>• नियम विपरित बिक्री संशोधन र क्रेडिट विल दोहोरो तथा बहु पोष्टिङ्ग गर्ने कार्य गरी बदनियतपुर्वक राजस्व अपचलन गरी जम्मा रु.२०,२८,४५५।६१ नेपाल विद्युत प्राधिकरणलाई हानि नोक्सानी पुऱ्याएको देखिएको,<br>• प्रतिवादीहरुले बदनियत राखी जानीजानी आफूखुशी NS Revenue Software को Data Manipulation गरी दोहोरो वा बहुपोष्टिङ्ग गरी राजस्व अपचलन गरेको भन्ने आरोपदावी पुग्न नसकेको अवस्थामा आरोपित कसुरमा प्रतिवादीहरु अरविन्द प्रसाद जयसवाल, चन्द्रभुषण महतो, धर्मेन्द्रकुमार महतो, अजितमान सिंह, बागेश्वरीकुमार कर्ण, स्मिता कट्टेल र अन्जुकुमारी बस्नेतलाई सजाय हुने अवस्था नरहेको। | • निज प्रतिवादीहरुले नै अनुसन्धानको क्रममा तथा अदालत समक्ष वकपत्र गर्दा समेत आफुहरुले आफ्नो Name र Password सञ्जिव शर्मालाई उपलव्ध गराएको, सञ्जिव शर्माको आदेश अनुसार विक्री संशोधन र क्रेडिट विल दोहोरो तथा बहु पोष्टिङ्ग गर्ने गरेको तथ्य स्वीकार गरी कसूरमा सावित रही वयान गरेको,<br>• सम्मानित सर्वोच्च अदालतबाट **<u>सार्जन पाण्डे समेत विरुद्ध नेपाल सरकार</u>** भएको मुद्दा, **<u>सर्वोच्च अदालत बुलेटिन, २०६६ मंसिर १, पूर्णाङ्क ४१७, पृष्ठ १९ र २०</u>** मा **"सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ । By conduct अर्थात् कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ"** भनि सिद्धान्त प्रतिपादन भएकोमा प्रस्तुत मुद्दामा समेत प्रतिवादीहरू अरविन्द प्रसाद जयसवाल, चन्द्रभुषण महतो, धर्मेन्द्रकुमार महतो, अजितमान सिंह, बागेश्वरीकुमार कर्ण, स्मिता कट्टेल र अन्जुकुमारी बस्नेतको कार्यतत्वबाट नै बदनियत तत्व वा मनसाय तत्व हेरिनुपर्नेमा त्यसो भए गरेको नदेखिएको,<br>• **<u>नेपाल सरकार विरुद्ध हरि प्रसाद ढकाल</u>** समेत भएको भ्रष्टाचार मुद्दामा **"मनसाय तत्त्व आपराधिक कार्यबाट नै खोजिने र हेरिने विषय हो; त्यसैले यो सधैं मुखरित अवस्थामा नहुन पनि सक्छ । कार्यको प्रकृति, सम्भावित परिणाम र सो परिणाम ल्याउन अभियुक्तले चालेको कदमहरूको समग्रतामा नै मनसाय तत्त्वको खोजी गर्नुपर्ने। अभियुक्तले आफ्नो कार्यको सम्भावित परिणाम यस्तो हुन सक्छ भन्ने जानकारी वा ज्ञान राखेको थियो वा थिएन; कार्यलाई हेरी यस्तो कार्यबाट यस्तो परिणाम निस्कन्छ भनी सामान्य समझको व्यक्तिले पनि भन्न सक्ने अवस्था अमुक वारदातमा थियो वा थिएन भन्ने यकिन गर्नुपर्ने"**[1] भनि सिद्धान्त प्रतिपादन भएको अवस्थामा प्रस्तुत मुद्दामा समेत निज प्रतिवादीहरू अरविन्द प्रसाद जयसवाल, चन्द्रभुषण महतो, धर्मेन्द्रकुमार महतो, अजितमान सिंह, बागेश्वरीकुमार कर्ण, स्मिता कट्टेल र अन्जुकुमारी बस्नेतको कार्यतत्ववाट मनसाय हेरिनु पर्नेमा नहेरिएको,<br>• विशेष अदालत काठमाण्डौंले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ मा व्यवस्था रहेको कानुनको अर्थ र भावको व्याख्या, विश्लेषण नै नगरी प्रत्यर्थी प्रतिवादीहरु अरविन्द प्रसाद जयसवाल, चन्द्रभुषण महतो, धर्मेन्द्रकुमार महतो, अजितमान सिंह, बागेश्वरीकुमार कर्ण, स्मिता कट्टेल र अन्जुकुमारी बस्नेतलाई सफाई दिएको। |

[1] नेकाप २०७८, पौष, नि.नं. १०७४८